






# CTEVT

## NEWS BULLETIN

२०७८ वर्ष: १९ अङ्क: ३







### यस अङ्कका आकर्षण

- सम्पादकीय
- समाचार तथा गतिविधि
- सफलताको कथा
- शिक्षालय परिचय
- विविध

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www.ctevt.org.np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री अनील मुनी बज्राचार्य

श्री चन्द्र प्रसाद भट्टराई

**कम्प्यूटर डिजाईन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री संगिता लामिछाने

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फ्याक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt .org .np

website: www .ctevt .org .np

प्रकाशन मितिः २०७८ पौष

# सम्पादकीय

आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्थापन तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमहरुको विकास, विस्तार समतामुलक पहुँच, गुणस्तरको प्रत्याभूति, पाठ्यक्रमको निर्माण तथा परिमार्जन, स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरुको क्षमता अभिवृद्धि, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै सरोकारवाला निकायहरु विच समन्वय तथा सहकार्य गर्दै आएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विना देश विकास असंभव हुने भएकोले नेपालको संविधानको भाग ३ को धारा ५१ (ज) ले नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीतिगत व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न परिषद्ले विद्यमान जनशक्ति, भौतिक संरचना तथा साधन स्रोतको अधिकतम परिचालन मार्फत गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्दै आएको छ ।

विगत तीन दशक भन्दा बढी समयदेखि परिषद्ले विभिन्न लामो तथा छोटो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरु सञ्चालन गरी उल्लेख्य संख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्बाट उत्पादित जनशक्तिले स्वदेश तथा विदेशमा रहेर प्राविधिक ज्ञान र सीप प्रदर्शन गरी जिविकोपार्जन गर्दै आइरहेका छन् । यसका साथै भौगोलिक विकटता, प्राकृतिक प्रकोप तथा २०७२ को भुकम्प पछिको पुर्ननिर्माण र कोरोनाको महामारीमा समेत कृषि, स्वास्थ्य, पर्यटन तथा इन्जिनियरिङ्ग क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याउँदै आएको कुरा सर्वविदितै छ । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरु मार्फत युवा तथा लक्षित समुदायको क्षमता विकास तथा उद्यमशीलता अभिवृद्धि गरी सिक-कमाउ-तिर (Learn, Earn & Pay) को अवधारणा अनुसार आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकारको साझा राष्ट्रिय आकांक्षा अनुरुप "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई मूर्तरुप दिन प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकहरुको समतामुलक र समावेशी पहुँच पुऱ्याई श्रम बजारको माग अनुसारको गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधि मैत्री दक्ष जनशक्तिको उत्पादन गरी दिगो विकासका लक्ष्यहरु पुरा गर्न परिषद् प्रतिवद्ध रहेको छ । प्राविधिक शिक्षालाई गरी खाने शिक्षाको रुपमा विकास गरी बदलिदो परिवेश सुहाउँदो गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्न परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा प्रस्तावित ऐनमा थप अधिकार सम्पन्न एक स्वायत्त निकायको रुपमा परिषद्लाई स्थापित गर्दै जानु आजको प्रमुख आवश्यकता रहेको छ ।

# माननीय मन्त्रीको भ्रमण



> **"सीपयुक्त, नविन र रचनात्मक जनशक्ति उत्पादन गर्ने ब्राण्ड सिटिइभिटी नै हो भन्ने अनुभूति समाजले गर्ने गरी काम गर्नुस्।"**
>
> ***–शिक्षामन्त्री देवेन्द्र पौडेल***

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०७८ कार्तिक ४ गते स्थलगत भ्रमण गर्नुभयो । भ्रमणका क्रममा राष्ट्रको लागि चाहिने सीपयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्ने संस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नै भएको बताउनु भयो । यो शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रमुख अंग रहेको तथा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम अति नै अपरिहार्य क्षेत्र रहेकोले निपूर्ण र सीपयुक्त जनशक्ति उत्पादन गरी राष्ट्रको उन्नतिमा टेवा पुऱ्याउदै आएको मन्त्री पौडेलले बताउनु भयो । परिषद्का कर्मचारीको अनुभव र विज्ञतालाई ज्ञानको केन्द्र (Knowledge Hub) को रुपमा परिणत गर्न उपयुक्त हुने कुरा मन्त्री पौडेलले व्यक्त गर्नु भयो । परिषद्का विद्यमान चुनौती र सुझावलाई महत्व दिई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मन्त्रीको तर्फबाट नयाँ बन्ने नीति तथा कानुनमा प्राविधिक शिक्षाको समान पहुँच पुऱ्याउनका लागि प्रयास गर्ने उहाँले बताउनु भयो । उहाँल अल्छिपन, उदासिनता, हेलचेक्र्याइ र भ्रष्टाचार देश विकासको शत्रुका रुपमा रहेकाले हामी सबै मिलेर यसका विरुद्धमा लड्न अघि बढौं भन्नुभयो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले नविन र रचनात्मक जनशक्ति उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा माननीय मन्त्री पौडेलले जोड दिनुभयो । सीपयुक्त, नविन र रचनात्मक जनशक्ति उत्पादन गर्ने ब्राण्डका रुपमा प्राविधिक शिक्षा ता व्यावसायिक तालीम परिषद् नै रहेको अनुभूति समाजले गर्ने गरी परिषद्ले आफ्ना क्रियाकलापहरु अगाडी बढाउन उहाँले निर्देश गर्नुभयो । परिषद्बाट हुने सम्बन्धन/स्वीकृति विकृतिको रुपमा बुझिएकोमा यसको नेतृत्व गर्ने व्यवस्थापकले समय सापेक्ष उपयुक्त विधि, प्रक्रिया र निर्देशिका निर्माण गरी राजनीतिक प्रभावबाट अलग रहने गरी सम्बन्धनको निर्णय लिन सहज बनाउनु आवश्यक रहेको मन्त्री पौडेलले बताउनु भयो । "**सिक, अभ्यास गर, कमाउ र उद्यमी बन**" परिषद्को नारालाई व्यवहारमा उचित कार्यान्वयन भएमा संमृद्ध नेपाल सुखी नेपालीको परिकल्पनाले सार्थकता पाउने समेत उहाँले बताउनु भयो ।

सो अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय राज्यमन्त्री बोधमाया कुमारी यादवले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको देशभरीनै माग बढेकोले सरोकारवाला सबैसँग छलफल गरी प्राविधिक शिक्षामा गुणस्तर नघट्ने गरी मागलाई सम्बोधन गर्न आफ्नो प्रयास रहने बताउनु भयो ।

कार्यक्रममा परिषद्का दक्ष कर्मचारीले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका क्षेत्रमा गरेको सेवा प्रवाह दक्षिण एसियामा नै उत्कृष्ट रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले बताउनु भयो । २०४५ सालमा आंगिक शिक्षालयबाट शुरु भई १४ वटा शिक्षालयको स्वीकृत दरबन्दीबाटै हाल ६३ वटा आंगिक शिक्षालय हुँदा समेत परिषद्को ९३१ स्थायी कर्मचारी दरवन्दीबाट नै कार्य गर्नु परेकोले परिषद्मा कर्मचारीको अभाव रहेको सचिव थपलियाले बताउनु भयो । उहाँले २१ औं शताब्दीको गुणस्तरीय शिक्षा हुनुपर्ने कुरालाई परिषद्मा पर्याप्त कर्मचारी भएमा मात्र सम्भव रहने र भौतिक पूर्वाधार तथा मानव संशाधन पर्याप्त भएपछि मात्र शिक्षालय खोल्नु उचित रहेको समेत बताउनु भयो ।

कार्यक्रमको समापन गर्दै परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले सबै कर्मचारीले नेपाल सरकारको आवश्यकता अनुसार इमान्दारी पूर्वक पारदर्शी सेवा प्रवाह गर्न आवश्यक रहेको बताउनु भयो । कर्मचारीको अभावका कारण परिषद्को कार्यसम्पादनमा थुप्रै चुनौती सामना गर्नु परेको कुरा उपाध्यक्ष अधिकारीले बताउनु भएको थियो । यस अवसरमा परिषद्का सदस्य सचिव जीवनारायण काफ्लेले परिषद्का कार्यक्रम तथा गतिविधि प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा परिषद्का निर्देशकहरु, कर्मचारी तथा ट्रेड युनियनका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# प्रस्तावित ऐनमा सुझाव संकलन



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्रस्तावित प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी संघीय कानुनको मस्यौदामा सुझाव संकलन गर्न प्राविधिक प्रशिक्षण प्रतिष्ठानको हलमा मिति २०७८ पौष ६ गते एक कार्यक्रम आयोजना गरेको थियो । परिषद्का उपाध्यक्ष, सदस्य सचिव, महाशाखा प्रमुखहरु, परिषद्का कर्मचारी, कर्मचारी संघ, संगठनका प्रतिनिधिहरु र नेपाल सरकारका पूर्व सचिव गोपीनाथ मैनालीको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा परिषद्का कर्मचारीहरुले प्रस्तावित ऐनमा समेट्नु पर्ने बुँदा औंल्याउनु भएको थियो । प्राविधिक तथा व्यावसायिक शिक्षा एक प्रकारको विशिष्टीकृत शिक्षा भएकोले प्रस्तावित ऐनमा परिषद्का शैक्षिक कार्यक्रमहरुको पाठ्यक्रम निर्माण, सोही पाठ्यक्रममा विद्यार्थीहरुको पढाई, परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा प्रमाणपत्र वितरण लगायत परीक्षा प्रणालीलाई परिषद् ऐनमा सम्बोधन गर्नुपर्ने कर्मचारीहरुको राय थियो । प्रस्तावित संघीय ऐनमा परिषद्लाई TVET university का रुपमा विकास र विस्तार गर्न सक्ने गरी उच्च शिक्षासम्म अध्ययन अध्यापन हुने व्यवस्था गर्न उपस्थित कर्मचारीहरुको सुझाव रहेको थियो । कार्यक्रममा प्रस्तावित प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी विधेयक supply driven नभई demand driven बनाई परिषद्को उपस्थिति र कार्यक्षेत्रलाई बिस्तार गर्न आवश्यक रहेको परिषद्का सदस्य सचिव जीवनारायण काफ्लेले बताउनु भयो । सो अवसरमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी संघीय कानुन समय सापेक्ष, दीर्घकालीन, सेवा प्रवाहमा समर्पित, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी क्षेत्रको सफल नेतृत्व दिन सक्ने हुनुपर्ने र सो को लागिसहजीकरण गर्न आफु तयार रहेको परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले बताउनु भयो । यस कार्यक्रमबाट प्राप्त सुझावका आधारमा बन्ने ड्राफ्टमा TVET क्षेत्रका विज्ञ, परिषद् का पूर्व पदाधिकारीहरु तथा अन्य सरोकारवालाहरुसँग दोस्रो चरणमा पुनः छलफल गरी अगाडी बढाउने गरी कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमा परिषद्का पदाधिकारी, कर्मचारी एवम् संघ संगठनका प्रतिनिधिहरु सहित करिव ३० जनाको उपस्थिति थियो ।

❖❖❖

# परिषद् र त्रि.वि.बिच अनुसन्धान सम्झौता



परिषद्को सक्षमता परियोजनाको स्वीकृत कार्यक्रम अन्तर्गत Impact Study of TVET program र Employment and Labour Market Analysis for HR Projection विषयमा २ वटा अनुसन्धान कार्य गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र अर्थशास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय बिच मिति २०७८ मंसिर २७ गते सोमबार सम्झौता भयो । परिषद् र त्रिभुवन विश्वविद्यालयका कर्मचारीको संयुक्त रुपमा यसै आर्थिक बर्ष भित्र सम्पन्न गर्ने गरी अनुसन्धान कार्य गर्न सम्झौता गरिएको हो । उक्त अनुसन्धान कार्यका लागि परिषद्का सदस्य सचिवज्यूको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय योजना आयोग, TVET विज्ञ, उद्योगी, रोजगारदाता, उद्योग व्यावसायी संस्थाहरुका प्रतिनिधि रहने गरी उच्च स्तरीय अनुसन्धान सल्लाहकार समिति समेत गठन गरिएको छ । परिषद्बाट सञ्चालन कृषि, निर्माण र पर्यटन क्षेत्रका ग्राजुयटहरुको अवस्था र त्यसले पारेको प्रभावका बारेमा Impact Study गरिनेछ भने परिषद्ले आगामी दिनमा कस्ता जनशक्ति उत्पादन गर्नु पर्दछ भन्ने कुरा Employment and Labour Market Analysis सम्बन्धी अध्ययनबाट गरिनेछ । परिषद् र त्रिभुवन विश्वविद्यालयका विज्ञहरुको सहयोगमा संयुक्त रुपमा गरिने उक्त अनुसन्धान कार्य बढी विश्वसनिय हुने हुँदा यसबाट आउने तथ्यांक तथा नतिजाले परिषद्बाट उत्पादित जनशक्तिको विद्यमान अवस्थाको बारेमा सूचित गराई परिषद्ले चाल्ने भावी रणनीतिको लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

❖❖❖

# परिषद् र निजी क्षेत्र बिच सहकार्य



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र निजी क्षेत्रका उद्योगी, व्यावसायीहरुको संघ, महासंघका प्रतिनिधिहरु बिचको समन्वयात्मक बैठक मिति २०७८ पौष १६ गते सम्पन्न भएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा सञ्चालन हुने लामो अवधिका डिप्लोमा तथा प्रमाणपत्र तह र प्रि-डिप्लोमाका कार्यक्रमहरुका पाठ्यक्रम तथा छोटो अवधिका कार्यक्रमका पाठ्यक्रम निर्माणमा श्रमबजारको माग बमोजिमको पाठ्यक्रम बनाउन निजी क्षेत्रको प्रभावकारी सार्थक र सहभागिता गराई निजी क्षेत्रबाट प्राप्त राय सुझावलाई आगामी बन्ने पाठ्यक्रम तथा सीप प्रमाणिकामा समावेश गर्ने विषयमा छलफल भएको थियो ।

उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI), नेपाल उद्योग परिसंघ (CNI), नेपाल होटल संघ (HAN), नेपाल निर्माण व्यवसायी महासंघ (FCAN) र नेपाल घरेलु तथा साना उद्योग महासंघ (FNCSI) का अध्यक्ष एवं पदाधिकारीहरु र परिषद्का उपाध्यक्ष, सदस्य सचिव, निर्देशक, उपनिर्देशकको उपस्थितिमा भएको संयुक्त समन्वयान्मक बैठकमा दक्षता परियोजनाबाट सञ्चालित Establishing an employer led Labour market Secretarial (ELMS) परियोजनाबाट श्रम बजारको माग बमोजिम कृषि, निर्माण र पर्यटन क्षेत्रसँग सम्बन्धित पेशागत मापदण्ड (Occupational Standard) र यस क्षेत्रमा आवश्यक जनशक्तिको माग सम्बन्धमा भैरहेको गतिविधि तथा कार्यक्रमहरुका बारेमा छलफल भयो । ELMS का संयोजक एवं HAN का अध्यक्ष सिर्जना राणाको अध्यक्षतामा सम्पन्न संयुक्त बैठकमा FNCCI का अध्यक्ष शेखर गोल्छा, CNI का उपाध्यक्ष राजेश अग्रवाल, FCAN का अध्यक्ष रवि सिंह र FNCSI का कार्यवाहक अध्यक्ष उमेश प्रसाद सिंहले ELMS परियोजना, निजी क्षेत्र र CTEVT विचको सहकार्य, समन्वय र महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । परिषद्का तर्फबाट निर्देशक टेक बहादुर मल्ल, सदस्य सचिव जीवनारायण काफ्ले र उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले निजी क्षेत्र र CTEVT एक अर्काका परिपूरक भएकोले सदैब सहकार्य गर्न र सँगसँगै हिड्ने प्रतिवद्धता जनाउनु भयो । नेपाल उद्योग वाणिज्य महासंघ टेकुमा भएको उक्त कार्यक्रममा ५ वटै संघ/संगठनका पदाधिकारी, कर्मचारी र ELMS परियोजनाका प्रमुख तथा प्रतिनिधिहरु लगायत करिव २५ जनाको सहभागिता रहेको थियो ।

# परिषद् र युवा स्वरोजगार कोषबीच सम्झौता



बेरोजगार युवाहरुलाई सीप सिकाएर उद्यमी बनाउने अभिप्रायका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय बीच मिति २०७८ पौष २२ गते सम्झौता भएको छ । समझदारी पत्रमा परिषद्का सदस्य सचिव जीवनारायण काफ्ले र कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारीले बानेश्वरस्थित इन्द्रेणी स्वीट्स होटलमा हस्ताक्षर गर्नुभएको हो । प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमूलक तालिमको माध्यमबाट युवाहरूमा व्यवासायिक सीप र दक्षताका साथै उद्यमशीलताको अभिवृद्धि गरी निजी उद्यम स्थापना र स्तरोन्नतिमा सहयोग गर्ने उद्देश्यका साथ उक्त समझदारी पत्र तयार गरिएको हो । बेरोजगार युवालाई सीप सिकाएर व्यवसाय सञ्चालन गर्न पुँजी उपलब्ध गराउने गरी यो सम्झौता भएको हो । सम्झौता अनुसार परिषद्ले बेरोजगार युवालाई तालिम दिएर सीपयुक्त जनशक्ति तयार गर्नेछ । त्यसपछि समूहगत रुपमा व्यवसाय गर्न स्वरोजगार कोषले सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनेछ ।

श्रम बजारको माग, स्थानीय स्तरको आवश्यकता र युवाहरूको चाहना र क्षमता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमूलक तालिम सञ्चालन गरी दक्ष प्राविधिक जनशक्ति तयार

गर्ने र यस्ता जनशक्तिहरूलाई आफ्नै साना तथा मझौला उद्योग स्थापना गर्न र सञ्चालनमा आएका उद्योगहरूको लागि आवश्यक पूँजीको व्यवस्थापन गर्ने उक्त समझदारी पत्रमा उल्लेख गरिएको छ।

उक्त कार्यक्रममा बोल्दै युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारीले परिषद र कोषका समझदारीका उद्देश्यहरु कार्यान्वयन भएको दिन मात्रै यस कार्यक्रमले सार्थकता पाउने र सफल हुने बताउनुभयो। समझदारी कार्यान्वयनमा युवालाई उद्यम व्यवसाय सञ्चालन तथा विस्तार गर्न सहुलियतपुर्ण कर्जाको व्यवस्था गर्न कोषको भूमिका रहने अधिकारीले बताउनुभयो। त्यस्तै परिषद् मार्फत प्राविधिक शिक्षा एवम् सीपमूलक तालिम लिएका युवाहरूलाई तालिमको प्रमाण पत्र र निजको व्यावसायिक योजनाको आधारमा कोषको नियमानुसार कर्जा उपलब्ध गराउने प्रतिबद्धता उहाँले ब्यक्त गर्नुभयो।

यस सम्झौताले वार्षिक श्रम बजारमा आउने युवाहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा, सीपमूलक तालिम र उद्यमशीलताको विकास मार्फत रोजगारी सृजना गर्न सघाउ पुग्ने परिषद्का सदस्य सचिव जीव नारायण काफ्लेले बताउनु भयो। वैदेशिक रोजगारीबाट सीप, अनुभव र पुँजी समेत आर्जन गरी स्वदेश फर्किएका युवालाई उद्यमशीलतासँग जोडिने समेत उहाँले बताउनु भयो।

परिषद्ले युवालाई सीप सिकाई दक्ष जनशक्ति निर्माण गर्दछ भने कोषले पुँजी उपलब्ध गराई उद्यमशीलता विकासमा सघाउ पुग्ने हुँदा आत्मनिर्भर अर्थतन्त्र बनाउन सघाउ पुग्ने विश्वास लिइएको छ।

# सेवा करारबाट पदपूर्ति सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले परिषद्का प्रदेश कार्यालय, आंगिक शिक्षालयहरुमा आवश्यक प्राविधिक प्रशिक्षक (अधिकृतस्तर तृतीय श्रेणी प्रा.), सहायक प्रशिक्षक (सहायकस्तर प्रथम श्रेणी प्रा.), सवारी चालक, कार्यालय सहयोगी तथा सरसफाई कर्मचारीहरु आ.व २०७८।७९ का लागि सेवा करारमा पदपूर्ति गर्ने कार्य सम्पन्न भएको छ। मिति २०७८।०७।२६ गते गोरखा पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रदेश कार्यालय तथा आंगिक शिक्षालयहरुको रिक्त दरबन्दी तथा आवश्यक जनशक्तिको विवरण सहित परिषद् केन्द्रीय कार्यालयबाट सूचना प्रकाशन गरिएको थियो। उक्त सूचनामा अधिकृतस्तर तृतीय श्रेणीका १४४ जना, सहायकस्तर प्रथम श्रेणीका ५० जना, सवारी चालक (श्रेणी विहिन) ४ जना, कार्यालय सहयोगी (श्रेणी विहिन) २२ जना र सरसफाई कर्मचारी ५ जना गरी जम्मा २२५ जना सेवा करारका कर्मचारी माग गरिएको थियो। माग गरिएको पदहरु मध्ये अधिकृतस्तर तृतीय श्रेणी प्रा. र सहायकस्तर प्रथम श्रेणी प्रा.पदमा पर्याप्त मात्रामा आवेदन प्राप्त भएको थियो। जसमध्ये प्रशिक्षक १४४ जनाको लागि ७१९ जना र सहायक प्रशिक्षक ५० जनाको लागि २७५ जनाले आवेदन गरेका थिए। प्राप्त भएका आवेदनको मिति २०७८।०९।०३ गते शनिबारका दिन दुई सिफ्टमा लिखित परीक्षा सञ्चालन भएको थियो भने मिति २०७८।०९।०४ गते देखि अन्तर्वार्ता सञ्चालन भई सम्बन्धित शिक्षालयबाटै नियुक्ति दिने गरी सिफारिस गरिएको थियो। सवारी चालक, कार्यालय सहयोगी र सरसफाई कर्मचारीको हकमा सम्बन्धित शिक्षालय तथा प्रदेश कार्यालयबाट नै छनौट गरिएको थियो। एकै पटक सातै वटा प्रदेश कार्यालयबाट सेवा करारमा कर्मचारी पदपूर्ति गरिएको परिषद्मा पहिलो पटक हो।

**आ.व.२०७८।७९ मा सेवा करारमा विज्ञापन भएका पदमा माग संख्या र प्राप्त आवेदन**

| क्र.स. | प्रदेश | प्रशिक्षक (अधिकृतस्तर तृतीय प्रा.) | | सहायक प्रशिक्षक (सहायकस्तर प्रथम प्रा.) | |
|---|---|---|---|---|---|
| | | माग संख्या | आवेदन प्राप्त | माग संख्या | आवेदन प्राप्त |
| १. | प्रदेश नं. १ | २० | ६७ | ६ | ४१ |
| २. | प्रदेश नं. २ | २८ | १४० | २ | १८ |
| ३. | बागमती प्रदेश | ३० | १८८ | १४ | ९१ |
| ४. | गण्डकी प्रदेश | २४ | १५७ | ४ | १३ |
| ५. | लुम्बीनी प्रदेश | १९ | ८० | १२ | ३५ |
| ६. | कर्णाली प्रदेश | १४ | ४७ | ६ | ३४ |
| ७. | सुदूरपश्चिम प्रदेश | १० | ४८ | ६ | ४३ |
| जम्मा संख्या | | १४४ | ७१९ | ५० | २७५ |

# निर्मल लामा बहुप्राविधिक शिक्षालयमा कोरियन सहयोग

नेपाल सरकार र गणतन्त्र कोरिया सरकार बीच "जनशक्ति विकासका लागि पोलिटेक्निक इन्स्टिच्युट निर्माण"का लागि समझदारी पत्रमा २०७८ मंसिर २९ गते (डिसेम्बर १५, २०२१) हस्ताक्षर भएको छ । प्रदेश नं. २ को महोत्तरी जिल्लाको खयरमारामा अवस्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयको परिसरमा भवन निर्माण गर्न १ अरब ३ करोड नेपाली रुपैयाँ बरावरको उक्त परियोजना सन् २०२१ देखि सन् २०२७ सम्म कार्यान्वयनमा रहने छ ।

अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी र कोरियाली राजदूत एच.ई.पार्क चोङ-सुक बीच अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंमा समझदारीपत्रमा हस्ताक्षर भएको हो । उक्त समारोहमा परिषद्का सदस्य सचिव जीवनारायण काफ्ले, निर्देशक तथा उक्त परियोजनाका फोकल पर्सन ई.अनोज भट्टराई र निर्मल लामा बहुप्राविधिक शिक्षालयका प्रमुख रमण कुमार मेहताको सहभागिता रहेको थियो ।

उक्त अवसरमा अर्थ सचिव मधुकुमार मरासिनीले दक्षिण कोरियाले विशेष गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका क्षेत्रमा गरेको सहयोगको उच्च प्रशंसा गर्नु भएको थियो । उहाँले प्राविधिक शिक्षाको विकासबाट मात्रै राष्ट्रिय बेरोजगारी समस्या समाधान हुने समेत बताउनु भयो ।

त्यसैगरी नेपालका लागि कोरियाली राजदूत पार्क चोङ-सुकले दक्ष जनशक्ति उत्पादनमा आयोजनाले महत्वपूर्ण योगदान पुऱ्याउने र नेपालमा नमुना बहुप्राविधिक शिक्षालयका लागि निर्मल लामा बहुप्राविधिक शिक्षालय बेन्चमार्क हुने विश्वास व्यक्त गर्नु भयो ।

उद्योगको आवश्यकता पुरा गर्न दक्ष जनशक्ति उत्पादन गरेर रोजगारी वृद्धि गरी नेपालको आर्थिक वृद्धिमा योगदान पुऱ्याउने यस परियोजनाको उद्देश्य रहेको छ । यसले विशेष गरी प्राविधिक शिक्षा र व्यावसायिक तालिम (डिप्लोमा, प्रि-डिप्लोमा र छोटो अवधिको तालिम), Training of Trainers (ToTs), Instructional Skills (IS), Occupational Skills Upgrading (OSU) सहित दक्ष जनशक्तिको क्षमता विकास, राष्ट्रिय व्यावसायिक योग्यता (NVQ) परीक्षण, निर्माण क्षेत्रका लागि NVQ – आधारित TVET कार्यक्रम/पाठ्यक्रमको डिजाइन/विकास गर्न सहजीकरण गर्ने, TVET जनशक्ति र विद्यार्थीहरूको क्षमता अभिवृद्धि गरी उद्योग र समुदायहरूसँग बलियो साझेदारी स्थापना गर्दै TVET Hub को रुपमा विकास गर्न परियोजनाले कार्य गर्नेछ ।

# ENSSURE परियोजनाको दोश्रो चरण प्रारम्भ

सन् २०२१ सेप्टेम्बर १० मा नेपाल सरकार र स्वीस सरकार बीच दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE) दोस्रो चरण सञ्चालनार्थ द्विपक्षिय सम्झौता भएको छ । ENSSURE परियोजना प्रथम चरण (सन् २०१६-२०२१ सम्म) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT) र हेल्भेटास नेपाल (HELVETAS NEPAL) को प्राविधिक सहयोगमा कार्यान्यवन भएको हो भने परियोजनाको दोश्रो चरणको कार्यान्वयन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT), सामाजिक विकास मन्त्रालय प्रदेश १ र बागमती प्रदेश तथा शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय लुम्बिनी प्रदेश अन्तर्गतका ३३ वटा गाउँ तथा नगरपालिकाले गर्नेछ भने HELVETAS NEPAL ले प्राविधिक सहयोग प्रदान गर्नेछ ।

संघीय संरचना अनुरूपको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रणाली मार्फत नेपालका युवाहरुले सामाजिक तथा आर्थिक लाभ प्राप्त गर्ने मुख्य उद्देश्यका साथ कार्यान्वयन हुने यस परियोजनाले उद्योग व्यवसायहरुसँगको सहकार्यमा विभिन्न पेशा र क्षेत्रहरुमा २४ महिने अप्रेन्टिसिप र कार्यगत अभ्यास सहितको छोटो अवधिको तालिम (१६९६ घण्टा) सञ्चालन गर्नेछ । यसका साथै परियोजनाले माध्यमिक विद्यालयका विद्यार्थीहरु तथा विद्यालय बाहिर रहेका युवाहरुलाई वृत्ति मार्ग-निर्देशन सेवा प्रदान गर्ने, रोजगारीमा रहेका तथा बैदेशिक रोजगारीबाट फर्केका यूवाहरुका लागि सीप स्तरोन्नती तालिम सञ्चालन गर्ने र उद्योग व्यवसायमा मानव संसाधन व्यवस्थापन तथा व्यवसायजन्य स्वास्थ्य, सुरक्षा कायम गर्न प्राविधिक सहयोग/सहजीकरण गर्नेछ । यो परियोजना संघीय स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) ले, प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय वा शिक्षा सम्बन्धी जिम्मेवार मन्त्रालयले र स्थानीय तहमा स्थानीय सरकारले कार्यान्वयन गर्नेछ । ENSSURE दोश्रो चरणको परियोजना अवधी बि.सं २०७८ भाद्र २५ गते देखि २०८२ असार ३१ गते (तदनुसार १० सेप्टेम्बर २०२१ देखि १५ जुलाई २०२५) सम्म हुनेछ । परियोजनाले पहिलो चरणका कार्यक्रमहरुलाई निरन्तरता दिएको छ ।

# राष्ट्रिय सीप परीक्षण समितिका गतिबिधि

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, भूकम्पीय आवास पुनर्निर्माण आयोजनाले भूकम्प पछिको पुनर्निर्माणमा खटिएका कामदार हरुको सीप परीक्षण तथा प्रमाणीकरणका लागि राष्ट्रिय सीप परीक्षण समितिसँग सम्झौता सम्पन्न ।
- उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगतको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) सँग सीपमूलक तालिम प्राप्त ९,३२० जना युवाहरुका लागि विभिन्न पेशा र तहहरुमा सीप परीक्षण तथा प्रमाणीकरण गर्न सम्झौता सम्पन्न ।
- दक्षता परियोजना र सुरक्षित आप्रवासन परियोजना (SaMi) हेल्भेटास नेपालसँग सीप मूलक तालिम प्राप्त न्यूनतम ५०० जना युवाहरुका लागि विभिन्न पेशा र तहहरुमा सीप परीक्षण गर्न सम्झौता सम्पन्न ।
- व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना दोश्रो (EVENT-II) सँग पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning (RPL) अनुसार ७,००० जनाको विभिन्न पेशा र तहहरुमा सीप परीक्षण गर्न सम्झौता सम्पन्न ।
- इभेन्ट परियोजनाको सहयोगमा सहुलियत शूल्कमा सीप परीक्षणमा सम्मिलित हुन चाहने १६ वर्ष उमेर पुगेका तथा वैदेशिक रोजगारबाट फर्केका नेपाली नागरिकहरुबाट ६२ वटा पेशागत सीपको तह १ देखि ३ तहसम्म ७९ वटा सीप परीक्षण केन्द्र मार्फत आवेदन पेस गर्न गत मंसिर १२ गते सूचना प्रकाशन गरि २०७८ पुष २७ गतेबाट सीप परीक्षण सञ्चालन ।
- गुणस्तर सुनिश्चितताका लागि ७ वटै प्रदेशमा रहेका प्रमाणिकृत सीप परीक्षण केन्दहरुको अनुगमन तथा सुपरिवेक्षण ।
- सीप परीक्षण केन्दहरुको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत अभिमुखिकरण सम्पन्न ।
- सीप परीक्षण केन्द्रहरुको स्तरोन्नति कार्यक्रम अर्न्तगत औजार उपकरण खरिद तथा कार्यशाला र ल्याब निर्माणमा सहयोग ।

# टीकापुर बहुप्राविधिक शिक्षालयमा राष्ट्रिय योजना आयोगको निरीक्षण



राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा.विश्वनाथ पौडेल र माननीय सदस्य डा.पुष्परमण वाग्लेको टोलीले परिषद्को आंगिक शिक्षालय टीकापुर बहुप्राविधिक शिक्षालयको पौष १३ गते स्थलगत भ्रमण सम्पन्न गरेको छ ।

टोलीले शिक्षालयमा अध्ययनरत विद्यार्थीहरुले अध्ययनका क्रममा सिकाइलाई उत्पादन र उत्पादनलाई आयसंग जोड्ने क्रियाकलाप अन्तर्गत शिक्षालयले अवलम्वन गरेको "सिक, कमाउ र तिर" अवधारणा अन्तर्गतका गतिविधिहरुको अवलोकन गरेको थियो । उक्त अवसरमा नमूना वहुप्राविधिक शिक्षालयका रुपमा शिक्षालयले अवलम्वन गरेका गुणस्तर सुधारका रणनीति, हालसम्मका उपलब्धी, अवसर एवम चुनौती तथा भावी योजनाका साथै शिक्षालयका लागि आवश्यक थप पूर्वाधार विकासका बारेमा शिक्षालय प्रमुख ई.पारस खड्काले प्रस्तुतीकरण गर्नु भएको थियो । राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षबाट Center of Excellence उन्मुख यस शिक्षालयका उपलब्धी एवं गतिविधिबाट आफु प्रभावित भएको र उक्त कार्यहरु अन्य प्राविधिक शिक्षालयका लागि अनुकरणिय हुन सक्ने कुरा उल्लेख गर्नुका साथै शिक्षालयमा उपलब्ध शैक्षिक क्रियाकलापमा प्रयोग हुने औजार उपकरण दिगो रुपमा प्रयोगमा ल्याउने गरी सञ्चालन गर्न सुझाव दिनुभयो । कार्यक्रममा शिक्षालयको विकास विस्तारका लागि राष्ट्रिय योजना आयोगबाट सकारात्मक सहयोग गरिने समेत प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । उक्त अवसरमा आयोगका पदाधिकारी एवं उच्च तहका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# डकर्मी तालिमले फेरिएको जिन्दगी



नुवाकोट स्थायी घर भई हाल काठमाडौंस्थित सानोभऱ्याङ बस्ने इश्वरी सार्कीले एस.एल.सी. सम्मको अध्ययन पुरा गरेर जागिरको खोजीमा लागिन् । जागिर नपाएपछि उनी व्यावसायिक शिक्षाको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजीबाट तीन महिने डकर्मी तालिम लिइन् । तीन महिना तालिम पश्चात दुई महिना साइट मै गएर प्रयोगात्मक अभ्यास पछि मात्र प्रमाणपत्र लिएको उनी बताउछिन् । आर्थिक अभावका कारण काठमाडौंमा बस्न खान समस्या भएको बेला परिषद्ले निःशुल्क तालिमको अवसर प्रदान गरेको बेला उनले डकर्मी तालिम लिने निर्णय लिइन् उनलाई तालिम बापत कुनै खर्च गर्नु परेन । हाल उनी डकर्मी पेशामा सक्रिय छिन् । कोरोना-१९ को कारण केही समय निस्क्रिय भएपनि लकडाउन पछि आफ्नो पेशाको सक्रिय रुपमा प्रयोग भएको उनी बताउछिन् । गरिवी नजिकबाट नियालेकी इश्वरी घर व्यवहारमा सानै उमेर देखि सक्रिय थिइन् ।  घरमा छोरी, आमा र दाईहरू हुनुहुन्छ । परिवारमा एक छाकको जोहो नहुँदै अर्को छाकको पिरलो उस्तै थियो । सोही समस्याका कारण कलिलो उमेरमा व्यावसायिक क्रियाकलाप अन्तर्गत डकर्मी पेशामा होमिन पुगिन उनी ।

हातमा सीप भयो भने जहां गए पनि काम पाउन सजिलो हुन्छ भन्ने सोचेर तालिम लिएको उनी बताउछिन् । डकर्मी पेसामा लागेपछि पहिलेको भन्दा अहिले आर्थिक अवस्थामा धेरै सुधार आएको छ उनको । उनलाई यो क्षेत्रमा लाग्न परिवारबाट साथ, समर्थन र सहयोग मिलेको छ । उनी भन्छिन् परिवारबाट साथ र समर्थन भन्दा पनि आफैले नै चासो लिनु पर्ने रहेछ अनि घरपरिवारबाट साथ त मिलिहाल्छ । दुःख र मिहिनेत गरेर खानलाई घरबाट नाइनास्ती भन्दैनन्, साथ र सहयोग त दिन परिहाल्छ नि ।

संगैका साथीभाईहरू कोही डकर्मी पेशालाई विस्तार गर्दै ठेक्का लिएर हिडिरहेका छन्, कोही तालिम पश्चात यहि क्षेत्रमा काम गर्न विदेश गएका छन् । सबै आ-आफ्नै क्षेत्रमा लागेका छन् र अहिले प्रायः भेटघाट नहुने र सम्पर्कमा नभएको, यताउता खबरहरू मात्र सुनिने हुन्छ । उनका केही साथीहरूले तालिमको समयमा नै गाह्रो लाग्यो भनेर छोडेका थिए र अहिले उनको व्यस्तता देखेर तालिम छोडेकोमा पछुतो गर्ने गरेको उनी बताउछिन् ।

व्यावसायिक शिक्षा पढेर उनी खुसी छिन् । आफू सीपयुक्त भएर रोजगारीको अवसर जुटाउन सफल भएकोमा यो क्षेत्रसंग आत्मसन्तुष्ट छिन् । उनले आफूले जानेको कामहरू अरूलाई सिकाउने पनि गर्छिन् । यदि भविष्यमा अवसर मिल्यो भने आफूले लिएको जस्तै तालिम अरू सिक्न चाहनेहरूलाई दिन चाहन्छिन् । अरू केही नभए पनि आफ्नो हातमा सीप भयो भने दुःख गरेर खान सकिन्छ भन्ने उनको धारणा छ । व्यावसायिक तालिमले जीवनस्तर उकास्न ठूलो योगदान रहेको उनी बताउछिन् । उनको जीवनमा अझै सफलताले चुम्दै जाओस् भन्ने शुभकामना ।



# शिक्षालय परिचय

## दिनेश रामजी स्मृति बहुप्राविधिक शिक्षालय

वि.सं.२०७६ सालदेखि सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं ५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा दिनेश रामजी स्मृति बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ । आधारभुत तथा मध्यमस्तरका दक्ष प्राविधिक जनशक्ति उत्पादन मार्फत स्वरोजगार तथा रोजगारीको वातावरण सिर्जना गरी देशको समग्र आर्थिक स्तर बृद्धि गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ यस शिक्षालयको स्थापना भएको हो । आफ्नो स्थापना कालदेखि नै शिक्षालयले प्रशिक्षार्थीहरुको ज्ञान, सीप र मनोवृत्ती जस्ता प्राविधिक शिक्षाका महत्वपूर्ण पक्षहरुको विकासको लागि सम्पूर्ण ध्यान केन्द्रित गरेको छ । यस शिक्षालयमा सबै प्रदेशका प्रशिक्षार्थीहरु डिप्लोमा तर्फका विभिन्न कार्यक्रमको शिक्षण सिकाईमा आबद्ध रहेका छन् ।

शिक्षालयमा सञ्चालित लामो अवधिका तीन वर्षे डिप्लोमा तहका कार्यक्रमहरु यस प्रकार छन् :

१. डिप्लोमा इन सिभिल ईन्जिनियरिङ्ग
२. डिप्लोमा इन सूचना प्रविधि

वागमती प्रदेश, सामजिक विकास मन्त्रालयको राष्ट्रिय प्राथमिकताको आयोजनाको रुपमा यस शिक्षालयको भौतिक निर्माणको कार्य भैरहेको छ। हाल सम्म करिब १८ रोपनी जग्गा शिक्षालयको नाममा भोगचलन गर्ने गरी प्राप्त भै सकेको र थप १५० रोपनी जति जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ । चौतारा साँगाचोकगढी नगरपालिकाको छाप-आहाल डाँडामा बन्ने शिक्षालयमा निकट भविष्यमा ७ वटा डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालन गर्ने गरी गुरु योजना तयार गरी कार्य अगाडि बढिरहेको छ । हाल चौतारा बहुमुखी क्याम्पससँग दुई पक्षिय सम्झौता गरी क्याम्पसको हाता भित्र पठन पाठनको कार्य सञ्चालन भैरहेको छ ।

शिक्षालयले गुणस्तरीय प्रशिक्षण कायम गर्न पर्याप्त ध्यान दिई पाठ्यक्रमले तोकेका सम्पूर्ण प्रयोगात्मक अभ्यासका लागि आवश्यक विज्ञान प्रयोगशालाहरु, कम्प्युटर ल्याव, ड्रइङ कक्षा, इन्जिनियरिङ्ग (सर्भे, स्वायल, मेटेरियल, खानेपानी तथा ढल, स्ट्रक्चर, मेकानिक्स, हाइड्रोलिक्स आदि) ल्यावहरु, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स ल्याव, मेसनरी,प्लम्विङ, कारपेन्ट्री, विद्युत कार्यशालाहरु स्थापना गरी आवश्यक औजार उपकरण तथा सामग्रीहरुको पूर्ण व्यवस्थापन गर्न सफल भएको छ ।

स्थानीय निकायसँगको सहकार्य यस शिक्षालयको एक सवल पक्ष रहेको छ । वार्षिक रुपमा २५ भन्दा बढि प्रशिक्षार्थीलाई जनही रू. २५०००/- को दरले चौतारा साँगाचोकगढी नगरपालिकाले छात्रवृत्ति प्रदान गर्दै आएको छ । यस्तो व्यवस्था क्रमशः अन्य पालिकाहरुले पनि लागू गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । स्थानीय तहको आवश्यकताका आधारमा विभिन्न छोटो अवधिका सीपमूलक तालिमहरु शिक्षालयले सञ्चालन गर्दै आएको छ । जिल्लाका सबै पालिकाहरुको सहभागिता रहोस् भन्ने उद्देश्यले प्रत्येक कार्यक्रममा सिन्धुपाल्चोक जिल्लाका १२ वटै पालिकाको लागि १/१ जना विद्यार्थी भर्ना हुने गरी कोटा निर्धारण गरिएको छ ।



**प्रस्तावित शिक्षालय भवन (मास्टर प्लान)**

## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशित गरिदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं । सम्पादक मण्डल

# TVET Festival of Learning

*A Celebration of learning for employability*

CTEVT | दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP | FUNDED BY EUROPEAN UNION | IMPLEMENTED BY BRITISH COUNCIL



"TVET Festival of Learning" was a two-week-long event delivered online via the CTEVT Facebook page. The objective of the festival is to promote TVET in Nepal by attracting young students and learners towards TVET career pathways. It explores specific activities to bring key stakeholders together to promote the demand-driven market responsive, green, and inclusive TVET sector.

The various activities focused primarily to TVET learners from the various CTEVT affiliated schools from across the country. The activities includes spotlight related career counseling, CTEVT schools, industry virtual tours, panel discussion, webinars and highlight best practices of industry-institute linkages in TVET.
In order to reach maximum TVET leaners, faculty, potential TVET students, school, parents, and general public, the Festival was broadcasted live via CTEVT Facebook page and some events were pre- recorded for broadcast. In addition, there were webinars on Green TVET and Dakchyata partners presentation delivered via Zoom platform.

## KEY ACTIVITIES

| | |
|---|---|
| School Profile Video 3 | Employers Video Profile 3 |
| Industry Video Tour 3 | Live Skill Demonstration 6 |
| Live Career Counselling 2 | Webinars 2 |
| Video Byte Principal 3 | Video Byte Students 4 |
| Video Byte Parents 2 | Video Change Makers 2 |
| Post Change Makers 13 | TVET Quiz 7 |
| TVET Top Fans 6 | Television Interaction 1 |
| Campaign Webpage 1 | TOTAL ONLINE ACTIVITIES 58 IN 15 DAYS |

## KEY OUTCOME

**REACTIONS**
47K
The number of people who reacted to the post

**COMMENTS**
2.1K
The number of people who commented on the post

**POST SHARE**
1.2K
The number of people who shared the post

**IMPRESSIONS**
2.8M
Impressions are the number of times the content is displayed

**ENGAGEMENT**
51K
The number of people who engaged with the post through reactions, comments and share

**POST REACH**
2.2M
Reach is the total number of people who see the content.

**POST**
80


**INCREASE IN FOLLOWERS**
2234
The number of people who followed CTEVT Facebook page

**INCREASE IN PAGE LIKE**
2126
The number of people who liked CTEVT Facebook page



Today, a freshly MBA graduate's salary ranges from NRs.20,000 to NRs.22,000 whereas a skilled trained welder easily earns at least NRs.30,000 per month.

**Er. Bijay Rajbhandary**
Chairman and Managing Director of CE Construction Pvt. Ltd



As a graduate of Pokhara Technical School, I run a café and proud to provide employment opportunities for other young people.

**Nishant Thapa**
Owner
The Cube Coffee and Cafe



We have incorporated green skill in our all TVET curriculum, which helps millions of TVET students to get more information on green skills and also we are creating awareness on in provincial and local level.

**Jeeb Narayan Kafle**
Member Secretary
CTEVT



I had just turned 16 when I joined TVET Institute, and I knew nothing about TVET, but technical and vocational training not only provided me with technical skills, but it also provided me with behavioral skills needed in life.

**Mina Karki**
CTEVT Graduate/MSC Nursing

# फोटो फिचर












CTEVT DAY


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
ए.सी. जडान सम्बन्धी
कामदारहरूको लागि थप तालिम

